# संवत् २०८० साल फागुन २४ गते बसेको कार्यपालिकाको १३औं बैठकका निर्णयहरुः

**बैठकका प्रस्तावहरूः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।

३. विविध सम्बन्धमा।

**बैठकका निर्णयहरुः**

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरि समिक्षा गरियो।

२. **प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमाः** नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको चलानी नं ३६४ मिति २०८०/११/१४ गतेको पत्रानुसार युवा रोजगारीका लागि पहल आयोजना तर्फ ४० जनालाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप एक सय दिनको रोजगारी प्रदान गर्ने प्रावधान भए बमोजिम नेपाल सरकारले साविकमा तोकेको अदक्ष कामदारको न्यूनतम दैनिक ज्याला दर रु ५७७/- ले हुन आउने रकम वित्तिय हस्तान्तरण गरी पठाइएकोमा मिति २०८०/०४/३२ गते राजपत्रमा प्रकाशित सूचना बमोजिम ज्यालादरमा वृद्दि भइ रु ६६८/- कायम भएकोले हाल थप भएको ज्याला रकम मध्येबाट रु ३,६४,०००/- थप भई आएकोले उक्त बजेटबाट वडा नं ३ मा १ जना र वडा नं ७ मा ४ जना थप गरी ५ जनालाई १०० दिनको न्यूनतम रोजगारीमा EMIS प्रणालीमा सूचिकृत वेरोजगार सुचिबाट काममा खटाउन रोजगार सेवा केन्द्रलाई जिम्मेवारी तोक्ने।

३. **विविध सम्बन्धमाः** देहायका विविध बिषयहरुमा निर्णय गरीयो।

(क) लुम्बिनी प्रदेश सरकारको शसर्त अनुदानबाट सिम्लेनी सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण योजना वडा नं ३ मा रु १० लाख विनियोजन भएकोमा उक्त बजेटलाई अत्यावस्यक रहेको बडाचौर-सेवार-वेरी मोटरबाटो मर्मत बजेट शिर्षकमा संशोधनका लागि लुम्बिनी सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

(ख) गाउँपालिकाबाट सञ्चालित औपचारिका कार्यक्रम तथा बैठकमा स्थानीय स्तरमा उत्पादित अन्नबालीबाट बनेको परिकारको उपयोग गर्ने गरी बजारबाट आयातित जंङफुड निरुत्साहनका लागि सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

(ग) चालु आर्थिक बर्षमा बिनियोजित बजेट कार्यन्वयनका लागि सम्पूर्ण योजनाहरु मिति २०८०/१२/१५ गते भित्र सम्झौता गरीसक्न सबैलाई जानकारी गराउने।

निर्णय प्रमाणित गरिएको छ।

भरत कुमार थापा
गा.पा.अध्यक्ष